रु.जि.प्र.का.द.नं. ७३/०६१/६२
रु.जि.हु.का.द.नं. २२/०७४/०७५
नेपाली राष्ट्रिय दैनिक
दैनिक पत्र
dainikpatra.com

# शंकरनगर सामुदायिक वनमा ब्लड सुगर र कोलेस्ट्रोलको निःशुल्क परीक्षण



तिलोत्तमा, १९ माघ (दैपस) शंकरनगर सामुदायिक वन उपभोक्ता समूह तिलोत्तमा १-४ रुपन्देहीले समूहको वार्षिक कार्यक्रमअनुसार समूहका पार्षद तथा कर्मचारीहरुको ब्लड सुगर र लिपिड प्रोफाइल अन्तर्गत कोलेस्ट्रोलको निःशुल्क परीक्षण गराएको छ।

सामुदायिक वनको आयोजना र शंकरनगर स्वास्थ्य चौकी तिलोत्तमा २ को प्राविधिक सहयोगमा समूहको कार्यालय प्राङ्गणमा कार्यसमिति, पार्षद, सल्लाहाकार तथा कर्मचारीहरुको निशुल्क स्वास्थ्य परीक्षण गरिएको हो।

स्वास्थ्य परीक्षण कार्यक्रमको शुभारम्भ गर्दै तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँणले भौतिक विकासमात्र नभएर मानवताको शहर निर्माण गर्ने अभियानमा लाग्नुपर्ने वताए।

तिलोत्तमा नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई मध्यनजर गरी विभिन्न स्वास्थ्य चौकीहरुवाट सर्वशुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने ब्यवस्था मिलाएको उल्लेख गरे। नगरपालिकाले स्वास्थ्यको गुणस्तरलाई माथि उठाउने र नागरिकलाई सर्वशुलभ स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्य अनुरुप आनन्दवन हेल्थपोष्टबाट प्रतिब्यक्ति १५ सय रुपैयाँमा रगतबाट गरिने होलबडी चेकजाँच र सेमरा हेल्थपोष्टवाट प्रति ब्यक्ति ६५० रुपैयाँमा एक्सरे र भिडियो एक्सरेको सुविधा रहेकाले आफ्नो स्वास्थ्य जाँच गराई लाभ लिन नगरवासीलाई आग्रह गरे।

समूहका सचिव कालिका अधिकारीको संचालनमा भएको कार्यक्रममा समूहका अध्यक्ष रविन्द्र वस्नेतले समूहको वार्षिक कार्यक्रमअनुसार समूहका पार्षदहरुलाई निःशुल्करुपमा रगतबाट जाँच गरिने ब्लड सुगर र कोलेस्ट्रोलको परीक्षण गरिएको बताइन्। पार्षद तथा कर्मचारीहरुमा स्वास्थ्यप्रति सचेतना जगाउँदै नियमित स्वास्थ्य जाँच गराउने बानीको विकास गर्ने उद्देश्य अनुरुप निःशुल्क रगत परीक्षण कार्यक्रम आयोजना गरिएको र यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जाने अध्यक्ष बस्नेतले जानकारी गराए।

समूहका उपाध्यक्ष कमला ज्ञवालीले मानिसको सवैभन्दा ठूलो सम्पति स्वास्थ्य रहेको र स्वस्थ मानिसले मात्र समाज विकासमा योगदान गर्न सक्ने भएकाले सामुदायिक वनले पार्षदहरुको स्वास्थ्य जाँचलाई प्राथमिक्तामा राखेर कार्यक्रम गरिएको बताए। समूहका ३१२ जना पार्षद् मध्ये करिब २५० जनाले विहीबार बिहान खालीपेटमा ब्लड सुगर र कोलेस्ट्रोल जाँचका लागि रगत दिएका समूहका कोषाध्यक्ष भुवन आचार्यले जानकारी गराए।

माउ पार्टीको विवाद नेविसंघमा छताछुल्ल

# रुपन्देही गठन भयो समानान्तर कमिटी

रूपन्देही, १९ माघ। नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँणको गृहजिल्ला रूपन्देहीमा नेपाल विद्यार्थी संगठनको विवाद सतहमा आएको छ। संस्थापन पक्षले जिल्ला अध्यक्ष घोषणा गरेको दुई दिनपछि इतर समूहका नेताहरू बसेर समानान्तर कमिटी घोषणा गरेका हुन्।

रूपन्देहीका नेता बालकृष्ण खाँणका भाइ रामकृष्ण खाँण जिल्ला अध्यक्ष छन्। स्वबियु निर्वाचनको मिति नजिकिएसँगै सकृय भएको नेबिसंघले समानान्तर कमिटी बनाइएपछि दुई समूहबीचको विवाद स्थानीय कमिटीसम्म पुगेको हो। तीन दिनअघि मात्रै केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले नेपाल विद्यार्थी संघ रूपन्देहीको अध्यक्षमा सन्दिप पाण्डेलाई नियुक्त गरेका थिए।

आज बुटवलमा भएको भेलाले सस्थापन पक्षले एकलौटी रूपमा निर्णय गरेको भन्दै इतर समूहका नेताहरूको बैठकले समानान्तर कमिटी गठन गरेर चुनौती दिएका हुन्।

इतर समूहको भेलाले शम्शेर खड्काको नेतृत्वमा ३० सदस्यीय तदर्थ समिति गठन गरेको छ। समितिको सदस्यहरूमा मनिस फाल, बिष्णु खनाल, कृष्ण खनाल, कमल पराजुली, दिपक अर्याल, सागर अधिकारी, ऋषि पन्थी, सिमन कण्डेल, रोहित रेग्मी, रामापति यादव, सन्दीप यादव,अनिल परियार, सम्झना पडेनी, प्रेमराज परियार, सागर घिमिरे, सुमन गुरुङ, सौरभ श्रेष्ठ, राजन थापा, विधान खाती, निरज श्रेष्ठलगायत सदस्य रहेका छन्।

नेपाली काङ्ग्रेस रूपन्देही उपसभापति थानेश्वर घिमिरे जिल्ला सचिव परमानन्द भट्टलाई जिल्ला सहसचिव विष्णु थापा, लुम्बिनी प्रदेश कोषाध्यक्ष प्रकाश राना, प्रदेश सदस्यहरू रामबहादुर कार्की, दीर्घबहादुर केसी(कुमार), क्षेत्र नम्बर २ सभापति पर्शुराम ढकाल, बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेय, क्षेत्र नम्बर ४ सभापति मुकेश यादव, महाधिवेशन प्रतिनिधि चिरञ्जीवी पौडेल, पूर्व जिल्ला सचिव हेमराज अर्याल, रूपन्देही २ क सभापति खड्क बहादुर महत, बुटवल नगर सचिव छाय पन्थ, लगायतहरूकोलगायतहरूको उपस्थितिमा समानन्तर समिति गठन गरिएको हो।

## गोदाम सेड भाडामा

बुटवल उपमहानगरपालिका वडा नं. १०
कालिकानगरस्थित जी.बी. टेक्सटाइल मिल्स प्रा.लि. को कम्पाउण्डभित्र अन्दाजी १२०००/- स्क्वायर फुटको खाली गोदाम सेड भाडामा रहेकोले लिन चाहनुहुने इच्छुक महामनुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

*नोटः थ्रिफेस लाइन र खानेपानीको लागि आफ्नै निजी बोरिङको सुविधा समेत रहेको छ।*

थप जानकारीको लागि
सम्पर्क नं.: ०७१-४३७५६२

## Rohini Rural Municipality

**Office of the Rural Municipal Executive**

Dhakdhai, Rupandehi, Lumbini Province, Nepal

**INVITATION FOR ELECTRONIC BIDS**

**Date of First Publication: Feb 3rd, 2023 ( Magh 20th, 2079)**

The Rohini Rural Municipality , Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** Office at Dhakdhai,Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 05/NCB/ Works/ RRM/ 2079-80 | Nawajeevan Aadharbhut Vidyalaya Bhawan Nirman | 28,74,156.43 | 72,000.00 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Dharauti Khata No. 9441498734524002 | 3,000.00 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Antarik Rajsaw Khata No. 0942050029211003 | Mar 5th,2023 ( Falgun 21th,2079) At 12:00 pm | Mar 5th,2023 ( Falgun 21th,2079) At 5:00 pm | 120 Days |

- Pre-Bid Meeting Shall be held on 23th Feb 2023 at 5:00 pm at **Rohini Rural Municipality** Office, Dhakdhai, Rupandehi .
- Bidders are instructed to read the corresponding Bid Document carefully before the submission of bid.

**Chief Administrative Officer**

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड




## ट्वाइलेट सफा गराउनु परेमा

बुटवल सेनेटरी प्रा.लि.

स्याफ्टी टंकी रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरीसम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

९७४५४०५९७३, ९८०७४०९८५२

| | |
|---|---|
| गगन सेनेटरी | ९८६७०२१६१४, ९८१५४४७६४८ |
| ९८०४४१३२८७ | ९८१२९८६३१७ |
| मनिषा सेनेटरी | ९८५११९७९६६, ९८४७१२४१८५ |
| सर्वेस सेनेटरी | ९८४७०३९१४३, ९८५७०३४३८३ |
| सिद्धबाबा सेनेटरी | ९८६४५७७२६२, ९८११९९६९३२ |
| रियुस सेनेटरी | ९८११४२८७३० |
| रेसुङ्गा सेनेटरी | ९८५७०५७०७० |

साथै रेसुङ्गा वाटर सप्लायर्स

## अब तपाईंको सेवा एउटै छानामुनी

वरिष्ठ न्युरो सर्जन
डा. राजिव भण्डारी
MBBS, MS (General Surgery)
MCH (Neuro Surgery)
(नाम्स वीर अस्पताल, काठमाडौं)

(हाल: लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल)
टाउको, ढाड तथा नशा रोग विशेषज्ञ)
ने.मे.का. दर्ता नं. ९४७१

प्रसुती तथा स्त्री रोग विशेषज्ञ
डा. सदीक्षा चापागाई
एम.बि.बि.एस. (के.यु.)
एम.डि. (नाम्स बीर हस्पिटल)
ने.मे.का दर्ता नं. १५१५६



सगुन डाइग्नोष्टिक ल्याब्रोटरी प्रा.लि.
Emai sagoon.diagnosticlab@yahoo.com

"नयाँ व्यवस्थापनमा हामी"

हाम्रा सेवाहरु:
- दैनिक विशेषज्ञ डाक्टरद्वारा बिरामी जाँच सेवा
- टाउको, ढाड तथा नशा रोग सम्बन्धी सम्पूर्ण उपचार
- गर्भवती तथा सुत्केरी महिलाको सम्पूर्ण परिक्षण सेवा
- पेट, छाती, सुगर तथा मुटुरोग विशेषज्ञ सेवा।
- हाडजोर्नी तथा नसा रोग विशेषज्ञ सेवा।
- महिला तथा स्त्री रोग विशेषज्ञ सेवा।
- छाला तथा यौन रोग सम्बन्धी विशेषज्ञ सेवा।
- बाल रोग विशेषज्ञ सेवा।
- डिजिटल एक्स-रे, भिडियो एक्स-रे (USG) सेवा।
- मुटुको जाँच (ECG) सेवा।
- प्लास्टर सेवा
- प्रयोगशाला सम्बन्धी सम्पूर्ण सेवा।
- फार्मेसी सेवा।

सम्पर्क:
सृजना मेडिकल हल
मैत्रीपथ, बुटवल-६, रुपन्देही/ मो.: ९८४९८२७९९६, ९८०४०८६३३७
बिरामी जाँच्ने समय प्रत्येक दिन बिहान ८:३० बजेदेखि १०:०० बजे, साँझ ३ बजेदेखि ६ बजेसम्म ।

बुटवल मिडिया प्रकाशन प्रा.लि. द्वारा प्रकाशित दैनिक पत्र राष्ट्रिय दैनिकका लागि अध्यक्षः महेशमान सिंह, वरिष्ठ सल्लाहकार : नारायणप्रसाद अग्रवाल, अर्थ-सल्लाहकारः अनुपमान सैंजु, व्यवस्थापक : मञ्जु पौडेल, सल्लाहकार-सम्पादक : ऋषि आजाद, कार्यकारी प्रमुख एवं प्रधान सम्पादक : डा. बालकृष्ण चापागाई
प्रधान कार्यालयः बुटवल-८, बुद्धपथ, रुपन्देही, फोन नं. ०७१-५५४३४५, ५५४३४६, मो. नं. ९८६४५६३१०५/९८६४५६३१०६, भैरहवा: ०७१-५७३२२४, इमेल: dainikadd@gmail.com(Advt.), butwalmedia@gmail.com (News), mediabutwal@gmail.com(Article), URL:www.dainikpatra.com, सहकार्यः हाइटेक अफसेट प्रकाशन प्रा.लि., मुद्रणः पश्चिमाञ्चल सञ्चार गृह प्रा.लि.